नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सङ्घीय मामिला शाखा

प.सं.२०८२/०८३ च.नं. ९८ सिंहदरबार, काठमाडौं

मिति २०८३/०१/०३

११४६ चौलागा

**विषयः- राय/सुझाव सम्बन्धमा।**

श्री जिल्ला समन्वय समिति (सबै)

श्री स्थानीय तह(सबै)

श्री सरोकारवाला सबै।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ५, ६, ७ र ८ मा भएका व्यवस्थाका आधारमा गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले यस मन्त्रालयबाट विभिन्न समयमा छलफल भई तयार गरिएको "गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३" को प्रारम्भिक मस्यौदा तयार भई यसैसाथ संलग्न छ। उक्त मापदण्डको सम्बन्धमा कुनै राय/सुझाव भएमा ३ दिनभित्र यस मन्त्रालयको इमेल ठेगाना *federal.affairs.section@mofaga.gov.np,* र *federal.affairs1@gmail.com* मा उपलब्ध गराईदिनु हुन निर्णयानुसार अनुरोध छ।

(हरिप्रसाद पौडेल)

शाखा अधिकृत

बोधार्थः

श्री जिल्ला समन्वय समिति महासंघ(सबै जिल्ला समन्वय समितिमा समन्वय तथा सहजिकरण गरिदिनु हुन)

श्री नेपाल नगरपालिका संघ, (सबै नगरपालिकामा समन्वय तथा सहजिकरण गरिदिनु हुन)

श्री गाउँपालिका राष्ट्रिय महासंघ, (सबै गाउँपालिकामा समन्वय तथा सहजिकरण गरिदिनु हुन)

श्री सूचना प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको **website** *स्थानीय तहको* ***email*** तथा ***Portal मा uplod** गरी जानकारी गराईदिनु हुन।*



CamScanner

# गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३

**प्रस्तावना:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ५, ६, ७ र ८ मा भएका व्यवस्थाका आधारमा गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले नेपाल सरकारले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा;

(क) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ। "नगरपालिका" शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई बुझाउँनेछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ग) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले मापदण्डको दफा ४ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनुपर्छ।



CamScanner

## परिच्छेद - दुई

## सिफारिसका आधार

३. सिफारिसका आधार: (१) गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या र सीमाना हेरफेर वा एक आपसमा गाभिने प्रस्ताव गर्दा ऐनको दफा ३ को उपदफा (२) बमोजिमका देहायका आधारहरु अवलम्बन गरी गर्नुपर्नेछ:

(क) जनसंख्या,

(ख) भूगोल,

(ग) प्रशासनिक सुगमता,

(घ) पूर्वाधार विकासको अवस्था,

(ङ) आर्थिक सक्षमता,

(च) प्राकृतिक स्रोतसाधनको उपलब्धता,

(छ) भाषिक, सांस्कृतिक तथा सामुदायिक बनौट।

(२) वडाको सङ्ख्या, सीमाना र केन्द्र हेरफेर गर्ने वा वडाहरु एकआपसमा गाभिने वा गाभिए पश्चात्को वडाको केन्द्र निर्धारण गर्ने प्रस्ताव गर्दा ऐनको दफा ५ को उपदफा (३) बमोजिमका देहायका आधारहरु अवलम्बन गरी गर्नुपर्नेछ:

(क) जनसङ्ख्या तथा जनसङ्ख्या वितरणको अवस्था,

(ख) भौगोलिक निरन्तरता, अनुकूलता तथा विशिष्टता,

(ग) भाषिक, सांस्कृतिक तथा सामाजिक विशिष्टता,

(घ) सेवा सुविधा वितरणको अवस्था र सुगमता,

(ङ) विद्यमान भौतिक पूर्वाधार।

(१) गाउँपालिका तथा नगरपालिका वा वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने वा नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने प्रस्ताव गर्दा उपदफा (१) र (२) का अतिरिक्त देहायका विषयहरुको अवस्था समेतको विश्लेषणका आधारमा नागरिकलाई अधिकतम लाभ पुग्ने गरी गर्नुपर्नेछ:

(क) नागरिकले प्राप्त गर्ने सेवा सुविधामा पहुँच,

(ख) जनघनत्व, बसोबास प्रणाली, वस्ती विकास र शहरीकरण,

(ग) बजारको विकास र यातायात सेवामा पहुँच,

(घ) नदी प्रणाली, जलाधार र पानीढलो,

(ङ) सामाजिक, आर्थिक, राजनीतिक एवं प्रशासनिक प्रभाव,

(च) सांस्कृतिक, धार्मिक, जातजातिगत एवम् भाषिक पहिचानको संरक्षण, सम्बर्द्धन, विकास र निरन्तरता।

(२) गाउँपालिका वा नगरपालिका एकआपसमा गाभिने प्रस्ताव गर्दा गाभिएपश्चात् कायम हुने गाउँपालिका वा नगरपालिकाको वडाको सङ्ख्या ऐनको दफा ५ को उपदफा (२) बमोजिम हुनेगरी प्रस्ताव गर्नुपर्नेछ।

(३) गाउँपालिका वा नगरपालिकाको सीमाना हेरफेर गर्दा संविधानको प्रावधानमा भएका प्रदेश र जिल्लाको सीमाना नखल्बलिने गरी एउटा स्थानीय तह एउटै प्रदेशभित्र र जिल्लाभित्र पर्ने गरी गर्नुपर्नेछ।

(४) वडाको सीमाना र सङ्ख्या हेरफेरको प्रस्ताव गर्दा तत्कालीन (राज्य पुनर्संरचना हुनुभन्दा पहिलेका) गाउँ विकास समिति र नगरपालिकाका वडा नटुक्रिने गरी गर्नुपर्नेछ। एउटै वडाको भूगोल हाल कायम रहेको प्रतिनिधि सभा र प्रदेश सभाको एउटै निर्वाचन क्षेत्रभित्र मात्र पर्ने गरी गर्नुपर्नेछ।



नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

स्थानीय तहभित्रका वडाहरुबीच जनसङ्ख्या, भूगोल र प्राकृतिक स्रोतको उपलब्धताको हिसावले सम्भव भएसम्म समानता कायम गर्नुपर्नेछ।

(५) स्थानीय तहले वडाको केन्द्र कायम गर्दा उपदफा (२) बमोजिमका आधारका अतिरिक्त वडालाई एकीकृत सेवा केन्द्रका रुपमा विकास गर्न वडाभित्रका सबै नागरिकको सहज पहुँच सुनिश्चित हुनेगरी प्रशासनिक सुगमताको सिद्धान्तका आधारमा गर्नुपर्नेछ।

## परिच्छेद - तीन

## अध्ययन समिति

४. **अध्ययन समितिको गठन:** (१) गाउँपालिका वा नगरपालिकाको सीमाना हेरफेर, वडाको सङ्ख्या तथा सीमाना हेरफेर, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकनका लागि अध्ययन गरी प्रतिवेदन दिन जिल्लामा देहाय बमोजिमको समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| (ख) | उपाध्यक्ष वा उपप्रमुख, सम्बन्धित स्थानीय तह | सदस्य |
| (ग) | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (घ) | प्रमुख, सम्बन्धित नापी कार्यालय | सदस्य |
| (ङ) | प्रमुख, सम्बन्धित मालपोत कार्यालय | सदस्य |
| (च) | प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह | सदस्य |
| (छ) | जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि | सदस्य-सचिव |

(२) समितिमा आवश्यकताअनुसार सम्बन्धित विषय क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।



CamScanner

(३) समितिले सरकारी कार्यालय वा निकायका पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रण गरी अध्ययन कार्यमा सहभागी गराउन सक्नेछ।

(४) समितिको सचिवालय जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ।

(५) समितिले आफ्नो कार्यविधि आफैले बनाउन सक्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) देहायका मध्ये कुनै विषयमा अध्ययन गर्न आवश्यक भएमा अध्ययनको लागि समितिमा लेखी पठाउन कम्तिमा सात दिनको समयावधि दिई जिल्ला भित्रका स्थानीय तहलाई पत्राचार गर्नेः

(अ) वडाको सीमाना र संख्या हेरफेर गर्ने र केन्द्र परिवर्तन गर्ने,

(आ) गाउँपालिका वा नगरपालिकाको सीमाना हेरफेर गर्ने,

(इ) गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र त्यसरी गाभिएर बन्ने नयाँ गाउँपालिका वा नगरपालिकाको केन्द्र, वडाको संख्या र सीमाना तथा केन्द्र निर्धारण गर्ने,

(ई) नगरपालिकाको विद्यमान वर्गीकरणमा पुनरावलोकन गर्ने।

(ख) खण्ड (क) बमोजिम अध्ययनका लागि लेखी आएमा दफा ३ मा तोकिएका आधारबमोजिम अध्ययन गरी तीन महिनाभित्र सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पठाउने।

६. **अध्ययन विधि:** समितिले अध्ययन गर्दा देहायका विधिहरुको अवलम्बन गर्न सक्नेछः

(क) कानूनी एवं अन्य दस्तावेज तथा अभिलेखहरुको अध्ययन,

(ख) स्थलगत अध्ययन तथा अवलोकन,

(ग) उपलब्ध तथ्य तथ्यांकको विश्लेषण,

(घ) सम्बन्धित क्षेत्रका वासिन्दाहरुसँग छलफल,

(ङ) स्थानीय राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मीसँग अन्तरक्रिया,



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

CamScanner

(च) सीमाविद्, भूगोलविद्, संस्कृति एवं इतिहास विद्सँगको राय परामर्श,

(छ) सांस्कृतिक, भाषिक, जातजातीगत पहिचानसँग सम्बन्धित विषयमा सम्बन्धित क्षेत्र र समुदायका स्थानीय नेतृत्त्वसँगको अन्तर्क्रिया,

(ज) तत्कालीन स्थानीय निकाय एवं मौजुदा स्थानीय तहको गठन, पुनर्संरचना र हेरफेर सम्बन्धमा यसअघि गरिएका अध्ययनका प्रतिवेदन र निर्णयहरुको अध्ययन।

## परिच्छेद - चार

## पुनरावलोकन प्रक्रिया

७. **स्थानीय तहले प्रस्ताव पेश गर्ने:** गाउँपालिका वा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिकाको वर्गीकरणको पुनरावलोकनका लागि प्रस्ताव गर्दा समितिको अध्ययन प्रतिवेदन समेतका आधारमा ऐनको व्यवस्था बमोजिम गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनुपर्नेछ।

८. **प्रदेश सरकारले सिफारिस गर्ने:** दफा ७ बमोजिम स्थानीय तहबाट प्राप्त प्रस्तावमा यस मापदण्डबमोजिमका आधारहरु पूरा भएको देखिएमा प्रदेश सरकारले निर्णय सहित मन्त्रालयमार्फत नेपाल सरकारमा सिफारिस गरी पठाउनु पर्नेछ।

९. **प्रस्ताव पेश गर्ने:** प्रदेश सरकारबाट दफा ८ बमोजिम प्राप्त सिफारिसको अध्ययन गरी मन्त्रालयले स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्नेछ।



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं